२०८० सालको कार्यविधि नं. २

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः २ मितिः२०८०।०२।२६

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका शव दाहसंस्कारको लागि दाउरा सहायता कार्यविधि, २०८०

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा विभिन्न कारणबाट मृत्यु भएका व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, परम्परा बमोजिम अन्त्येष्टी गर्न र लोककल्याणकारी राज्यको प्रत्यभूति दिलाई स्थानीय सरकारले उपलब्ध गराउने सहयोगको प्रभावकारिता वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

हेटौंडा राजपत्र

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका शव दाहसंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले हेटौंडा उपमहानगरपालिका शव दाहसंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०८० सम्झनुपर्छ ।

(ग) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिम गठित शव दाहसंस्कारका लागि व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले शव दाहसंस्कारको लागि व्यवस्थापन समितिका सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको संयोजक समेतलाई जनाउँदछ ।

(ज) "शव" भन्नाले मृत्यु भएको व्यक्तिको पार्थिव शरीरलाई सम्झनुपर्छ ।

(झ) "शव दाहसंस्कार" भन्नाले मृतकका हकवालाहरुले आ-आफ्नो धर्म संस्कृति, परम्परा बमोजिम शव जलाई अन्त्येष्टी गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) "दाउरा" भन्नाले वन जंगलबाट उत्पादित हुने काठ दाउरालाई सम्झनुपर्छ ।

(ट) "हकवाला" भन्नाले मुलुकी देवानी संहिताको दफा २३९ बमोजिमका व्यक्तिहरु सम्झनु पर्नेछ ।

(ठ) "सहायता" भन्नाले यस कार्यविधि बमोजिम शव अन्त्येष्टीको लागि उपमहानगरपालिकाले प्रदान गर्ने दाउरा सहायतालाई सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) मृत व्यक्तिको हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, परम्परा बमोजिम अन्त्येष्टी गर्ने कार्यको लागि सहजीकरण गर्ने ।

(ख) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र दाहसंस्कार गर्नु पर्ने अवस्थाको शव र वेवारिसे नागरिकको शव दाहसंस्कारको लागि आर्थिक सहायताको रुपमा दाउरा उपलब्ध गराउने।

## परिच्छेद-२

## शव दाहसंस्कारका लागि दाउरा सहायता उपलब्ध गराउने

४. **शव दाहसंस्कारको लागि दाउरा सहायता प्रदान गर्नेः** (१) उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न कारणबाट मृत्यु भएका व्यक्तिको हकवाला, आफन्त तथा सरोकरवालाले आ-आफ्नो धर्म संस्कृति, परम्परा बमोजिम अन्त्येष्टी गर्न दाउरा सहायता दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दाउरा सहायता स्वरुप प्रदान गरिने रकमको सिमा उपमहानगरपालिकाको नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

५. **शव दाहसंस्कारको लागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिः** देहायका व्यक्तिहरु दाउरा सहायता प्राप्त गर्ने व्यक्ति भित्र पर्दछन्-

(क) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र दाहसंस्कार गर्नु पर्ने अवस्थाको शवको हकवाला वा सरोकारवाला ।

(ख) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रको शवदाह स्थलमा दाहसंस्कार गर्नु पर्ने अवस्थामा रहेको शव ।

६. **दाउरा खरिद प्रक्रियाः** उपमहानगरपालिका तथा वडा कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम शव दाहसंस्कार गर्नको लागि दाउरा विक्रि गर्ने वन कार्यालय, सामुदायिक वन, संस्था तथा फर्महरुसँग अनुसूची-१ बमोजिमको सम्झौता गरी शव अन्त्येष्टी स्थलमा दाउरा उपलब्ध गराउन सकिनेछ ।

७. **दाउरा सहायता उपलब्ध गराउने प्रक्रियाः** देहाय बमोजिमको प्रक्रिया पुरा गरेपश्चात दाउरा सहायता उपलब्ध गराइनेछः

(क) अनुसूची-२ बमोजिमको हकवाला वा सरोकारवालाको निवेदन ।

(ख) हकवाला वा सरोकारवालाको पहिचान खुल्ने कागज ।

८. **शव दाहसंस्कारका लागि व्यवस्थापन समितिः** (१) शव दाहसंस्कारका लागि व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य १ जना | सदस्य |
| (ग) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

९. **शव दाहसंस्कारको लागि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) शव दाहसंस्कारको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहज तरिकाबाट दाउरा उपलब्धताको सुनिश्चितता गर्ने ।

(ख) नगर क्षेत्रमा मृतक व्यक्तिहरुको शव दाहसंस्कारको अवस्था तथा दाहसंस्कारको लागि दिइएको दाउरा सहायताको प्रभावकारिता सम्बन्धी विवरण तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(ग) दाउरा सहायताको लागि आवश्यक पर्ने स्रोतको व्यस्थापन गर्ने ।

(घ) शव दाहसंस्कारको लागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिहरुको विवरण राख्ने ।

(ङ) समय समयमा नगर कार्यपालिकाले दिएको निर्देशनको पालना गर्ने ।

(च) तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## विविध

१०. **कारवाही हुने:** दाउरा सहायता प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिले झुठा विवरण पेश गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

११. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न केही बाधा अड्काउ भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **यसै मापदण्ड बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुहरुको सम्बन्धमा हेटौंडा उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा दाउरा सहायता शीर्षकमा विनियोजन गरेको बजेट कार्यान्वयनको लागि मात्र लागू हुनेछ ।

१४. **खारेजी र बचाऊ:** (१) यस कार्यविधि जारी हुनुभन्दा अगाडि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यो मापदण्डको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

हेटौंडा राजपत्र

## अनुसूची-१
## (दफा ६ सँग सम्बन्धित)
## शव व्यवस्थापनका लागि दाउरा उपलब्ध गराउने सम्बन्धी सम्झौता

यस हेटौंडा उपमहानगरपालिका क्षेत्रको चालू आ.व. ..................... को स्वीकृत कार्यक्रम अनुसार कुनै कारणवश मृत्यु भएका दाहसंस्कार गर्नु पर्ने शव जलाउन दाउरा उपलब्ध गराउने प्रयोजनका लागि हेटौंडा उपमहानगरपालिका/.............. वडा कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र ....... ................ .................................... ................................ ..................... ........... ..................................... ......................... (यस पछि दोश्रो पक्षे भनिने) बीच तपसिलको सर्तहरुको अधिनमा रही उल्लेखि कार्य गर्न दुवै पक्षको स्वतन्त्र सहमति तथा मन्जुरीमा यो सम्झौता गरी एक/एक प्रति लियौं दियौं ।

<u>तपसिल</u>

१. स्वीकृत कार्यक्रम अनुसार प्रति शव जलाउन हेटौंडा उपमहानगरपालिका वडा नं.१० को शवदाह स्थलमा जलाएमा बढीमा डेढ क्वीन्टल र अन्य खुल्ला क्षेत्रमा शव जलाएमा बढीमा साँढे तीन क्वीन्टल दाउरासम्मको रकम उपलब्ध गराइनेछ ।
२. उपमहानगरपालिकाबाट उपलब्ध गराइएको दाउरा गोदाम स्थलबाट शवदाह स्थलसम्म लैजाने दायित्व स्वयं हकवाला वा सरोकारवालाको हुनेछ ।
३. भूक्तानीका लागि दफा ७ मा उल्लेख भएका कागजपत्र बाहेक सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक प्रशासन शाकाबाट माग भएका कागजात र भूक्तानीको निवेदन पेश गरे पछि मात्र मासिक रुपमा बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ ।
४. स्वीकृत रकमको दुरुपयोग भएको पाइएमा दोस्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।
५. कुनै विषयमा विवाद भएको खण्डमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।
६. यस सम्झौतामा उल्लेख भएका बाहेकका विषयको हकमा प्रचलित करार कानून बमोजिम हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| छापः | |

**अनुसूची-२**

**(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)**

**<u>हकवालाको निवेदनको ढाँचा</u>**

मितिः ..................

श्री ................................................ज्यू
.......................................................
........................................................

**विषयः दाउरा सहायता उपलब्ध गराई पाउँ ।**

प्रस्तुत विषयमा ......................... जिल्ला .................................. पालिका वडा नं. ........... को ........................... टोलमा बस्ने म निवेदकले शव दाहसंस्कारको लागि दाउरा उपलब्ध गराई पाउँ भनी आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न कागजातहरुः</u>**

(क) अनुसूची-२ बमोजिमको हकवाला वा सरोकारवालाको निवेदन ।
(ख) हकवाला वा सरोकारवालाको पहिचान खुल्ने कागजात ।

**<u>निवेदक</u>**
नामथरः
ठेगानाः
हस्ताक्षरः
सम्पर्क नं.

**<u>आज्ञाले</u>**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र